# खैरहनी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ | संख्या : ११ | कार्तिक २०, २०८०


## भाग : ३

## खैरहनी नगरपालिका

### कृषि योग्य जमिन भाडामा लिई खेती गर्ने भूमिहीन/बिपन्न किसानलाई अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना:**

खैरहनी नगरपालिका क्षेत्र भित्र रहेका कृषियोग्य बाँझो जमिनको अधिकतम उपयोग गरी जमिन नभएका तर खेती गर्न इच्छुक कृषकलाई कृषि व्यवसायमा संलग्न गराई नगरपालिकाको समग्र कृषि उपजको उत्पादन वृद्धि गरी कृषकहरूको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले यस नगरपालिका र मातहतका वडा कार्यालयहरूको सहकार्यमा जमिन भाडमा लिई खेती गर्ने कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न खैरहनी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ बमोजिम खैरहनी नगरपालिका, नगर कार्यपालिकाले “कृषि योग्य जमिन भाडामा लिई खेती गर्ने भूमिहीन/बिपन्न किसानलाई अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०” स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:

(१) यस कार्यविधिको नाम "कृषि योग्य जमिन भाडामा लिई खेती गर्ने भूमिहीन/बिपन्न किसानलाई अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि खैरहनी नगरपालिका भर लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "जमिन भाडामा लिई खेती गर्ने कृषक" भन्नाले व्यावसायिक रुपमा खेती गर्न इच्छा भएको तर आफ्नो जमिन प्रशस्त नभएको, भाडामा खेती गर्न सक्ने हैसियत भएको कृषकलाई सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खैरहनी, चितवनलाई सम्झनु पर्छ।

(ग) "बिपन्न किसान" भन्नाले परिवारको स्वामित्वमा २ कठ्ठा भन्दा कम जमिन भएको, बढीमा ५ कठ्ठा जमिनमा करार खेति गरेको र परिवारको कुनै पनि सदस्यको स्थाई रोजगारी नभएको व्यक्ति वा कृषकलाई सम्झनु पर्छ।

(घ) "भूमिहीन किसान" भन्नाले परिवारको स्वामित्वमा कुनै जमिन प्रमाणित नभएको व्यक्ति वा कृषकलाई सम्झनु पर्छ।

३. **उद्देश्यहरू:** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) व्यावसायिक रूपमा खेती गर्न सक्ने कृषकलाई खेतीमा संलग्न गराउने,

(ख) कृषि योग्य बाँझो जमिनको अधिकतम उपयोग गरी उत्पादकत्व बढाउने,

(ग) नगरपालिकाको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने,

(घ) साना, मझौला तथा भूमिहीन कृषकको जीवनस्तर सुधार गर्ने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी मापदण्ड

४. **कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी व्यवस्था:**

(१) जमिन भाडामा लिई खेती गर्ने कृषकले व्यावसायिक खेती गर्न चाहेमा भाडाको रकममा पहिलो वर्ष शत प्रतिशत, दोस्रो वर्ष ७५ प्रतिशत र तेस्रो वर्षमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ भने चौथो वर्षदेखि अनुदान उपलब्ध गराइने छैन।

(२) जमिन भाडामा लिई खेती गर्ने कृषकले पाउने जमिनको भाडा स्थानीय दररेट भन्दा बढी नहुने गरी प्रति कठ्ठा वार्षिक बढीमा रु २,००० (अक्षेरेपि दुई हजार मात्र) मा नबढाई नगरपालिका, जमिन धनी र किसान बीचको त्रिपक्षीय सम्झौता बमोजिम कायम गरिनेछ । तर जमिन बिटौरी कर बापतको रकम जग्गा धनीले दाखिला गर्नु पर्नेछ ।

(३) जमिन भाडामा लिई खेती गर्ने कृषकले एकल रूपमा न्यूनतम ५ कट्ठा एकै क्लस्टरमा हुने गरी खेती गर्नु पर्नेछ । जमिन भाडामा लिई खेती गर्ने किसानले कृषि उत्पादनका लागि निजी, गुठी, सरकारी, सार्वजनिक वा संस्थाको जमिन भाडामा लिन सक्नेछ।

(४) जमिन भाडामा लिई खेती गर्ने कृषकले कम्तीमा ३ वर्षको करारनामा गर्नु पर्नेछ ।

(५) गुठी, सार्वजनिक तथा सरकारी जमिनको हकमा सम्बन्धित निकाय र स्थानीय तहको अनुमति पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

(६) कार्यक्रमबाट जमिन भाडामा लिई खेती गर्ने कृषकलाई बढीमा १० कठ्ठासम्मको भाडा बापतको रकम मात्र उपलब्ध गराइनेछ ।

(७) जमिन भाडामा लिई खेती गर्ने कृषकले खेती गर्दा कम्तीमा ३ वर्षको वार्षिक कार्ययोजना निर्माण गरी कृषि प्राविधिकको सल्लाहमा वालि पात्रो समेत तयार गरी व्यावसायिक कृषि गर्नु पर्नेछ । उक्त कार्ययोजना तथा बाली पात्रो प्रस्तावसँग पेश गर्नु पर्नेछ ।

(८) जमिन भाडामा लिई खेती गर्ने कृषकलाई जमिन भाडामा लिई व्यावसायिक खेती गर्न निःशुल्क प्राविधिक सेवा तथा सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

(९) कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाले वार्षिक बजेटमा व्यवस्था भएको बजेटको सीमा भित्र रही अनुदान उपलब्ध गराउनेछ तथा शर्त अनुसार काम नभएमा अनुदान उपलब्ध गराइने छैन । जमिन भाडामा लिई खेती (कृषि- बाली तर्फ) गर्नका लागि आवश्यक कागजात तथा मापदण्डहरू अनुसूची -२ बमोजिम हुनेछ ।

(१०) जमिन भाडामा लिई खेती गर्ने कृषकले व्यावसायिक खेती गर्न नगरपालिकामा अनुसूची-४ अनुसारको प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

(११) जमिन भाडामा लिई खेती गर्ने कृषकले अनुदान लिन तथा सम्झौताका लागि व्यावसायिक खेती गर्न जमिन भाडा लिने र दिने पक्ष तथा नगरपालिका बीच भएको त्रिपक्षीय करारनामा पत्र, व्यावसायिक योजना साथ संलग्न गरी नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । यस्तो करारनामा सम्बन्धित स्थानीय तहको रोहबर र रेखदेखमा हुनेछ ।

(१२) जमिन भाडामा लिने कृषकले पेश गरेका व्यावसायिक योजना कार्यक्रम सञ्चालन पूर्व कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृत भएको हुनु पर्नेछ। तर एक पटक सम्झौता भई सञ्चालनमा रहेका कार्यक्रमहरूको हकमा पुनः स्वीकृत गर्नुपर्ने छैन ।

(१३) व्यवसाय उन्मुख सम्भाव्यता भएका कृषकले कृषि प्राविधिकको प्रत्यक्ष संलग्नतामा कार्यक्रम सञ्चालन गरेको हुनू पर्नेछ।

**५. व्यावसायिक कार्य योजना माग तथा छनौट विधिः**

(१) यस कार्यविधि अनुरूप जमिन भाडामा लिई व्यावसायिक खेती गर्न इच्छुक कृषकबाट दफा ४ को उपदफा (१) र (२) बमोजिम अनुदानको लागि नगरपालिका कार्यालयले अनुसूची -१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

(२) यसरी आह्वान गरिने सूचनामा अनुदान प्राप्त गर्न कृषकले निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू एवम् व्यावसायिक योजनामा उल्लेख हुनु पर्ने विवरणहरू स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) कृषकले सार्वजनिक सूचनामा तोकिएको मिति भित्र यस कार्यविधिको अनुसूची -४ अनुसारको कार्यक्रम प्रस्ताव, अनुसूची -७ बमोजिमको ढाँचामा वडा कार्यालयको कार्यक्रम सञ्चालनका लागि उपयुक्त भएको भनी सिफारिस पत्र सहित अनुसूची -३ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(४) व्यावसायिक रूपमा तरकारी, नगदे बाली, मौरी पालन, आलु बाली खेती गर्ने कृषकलाई प्राथमिकता दिइनेछ।

(५) कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्ने प्रस्तावहरू मध्ये भूमिहीन किसान वा विपन्न कृषक परिवारलाई मात्र छनौट गरिनेछ।

६. **अनुदान प्रवाह विधि:** जमिन भाडामा लिई व्यावसायिक खेती गर्ने कृषकलाई अनुदान प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ:-

(क) अनुदानको लागि अन्तिम छनौटमा परेका प्रस्तावका बारे कार्यालयले सूची प्रकाशित गरि जानकारी गराउनेछ। छनौट भएका कृषकसँग अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गराउनेछ।

(ख) अनुदानग्राहीको कृषक र जमिन धनी बीच जमिन करारनामा गर्दा स्थानीय तहको रोहबरमा गर्नु पर्नेछ।

(ग) अन्तिम छनौटमा परेको कुनै कृषकले तोकिएको समय भित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिक सूचीमा परेका कृषकसँग सम्झौता गरी कार्य अगाडि बढाइनेछ।

(घ) अनुदानको लागि छनौट भएको कृषकले सम्झौता गर्नु अगावै कार्य योजना अनुसारको कार्य गर्ने प्रतिबद्धता सहित जमिन भाडामा लिई व्यावसायिक खेती गर्नका लागि सम्बन्धित जमिनधनीहरू/ स्थानीय तहसँग औपचारिक करारनामा बा स्वीकृत प्राप्त गरिसकेको हुनु पर्नेछ।

(ङ) अनुदान रकम बढी प्राप्त गर्ने मनसायले मिलेमतो गरी अस्वाभाविक भाडा सम्झौता गरेको पाइएमा निर्णयकर्ता, जमिन भाडामा दिने जमिन धनी र लाभग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(च) जमिन भाडा बापतको रकम कृषकलाई बैङ्क मार्फत भुक्तानी गरिनेछ। कार्य सम्पन्न प्रतिवेदनका आधारमा चौमासिक रूपमा मंसिर, चैत्र र असार महिनामा भाडा अनुदान रकम भुक्तानी दिइनेछ।

(छ) सम्झौता गरिएका कृषकले सम्पादन गरेको कार्यक्रमको चौमासिक तथा वार्षिक प्रगति विवरण कृषि शाखाले तयार गरी निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(ज) सम्झौता गरिएका कृषकले बाली पात्रो तथा कार्य योजना बमोजिमको कार्य सन्तोष जनक रुपमा सम्पादन नगरेको पाइएमा उक्त सम्झौता कुनै पनि बेला रद्द गरिनेछ।

७. **रकम उपलब्धताका आधारहरू :** अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछ:

(क)एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराइने छैन।

(ख)कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरूलाई अनुदान कार्यमा सहभागी गराइने छैन। तर क्षेत्र बिस्तार गर्न यस खण्डले बाधा पार्नेछैन।

(ग) स्वीकृत कार्य योजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(घ) कार्य प्रगति र चौमासिक अवधि भुक्तान भए पश्चात् मात्र रकम भुक्तानी दिइनेछ।

(ङ) कार्य सम्पन्न भए पश्चात् अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानी माग गर्नु पर्नेछ।

परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

८. **समिति सम्बन्धी व्यवस्था**:

(१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ:

(क)नगर प्रमुख, खैरहनी नगरपालिका- अध्यक्ष

(ख)नगर उप-प्रमुख, खैरहनी नगरपालिका- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, खैरहनी नगरपालिका- सदस्य

(घ) आर्थिक विकास समिति संयोजक, खैरहनी नगरपालिका- सदस्य

(ङ) प्रमुख, कृषि शाखा- सदस्य-सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ, पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)स्वीकृत कार्य योजना अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने गराउने,

(ख)लक्षित वर्गका समुदायका कृषकहरूको गरिबी न्यूनीकरणका लागि अन्य आवश्यक सुझाव दिने,

(ग) कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यक्रम संचालनसँग सम्बन्धित शाखालाई आवश्यक सुझाव दिने,

परिच्छेद -४

## अनुगमन

९. अनुगमन सम्बन्धी व्यवस्थाः

(१) अनुदान प्राप्त कृषकले गर्ने खेती कार्यक्रमको अनुगमन कार्यालयले गर्न सक्नेछ । अनुगमन पश्चात सोको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन टोलीले दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ ।

परिच्छेद -५

## विविध

१०.**कारबाहीको व्यवस्था:** कार्यक्रम सञ्चालन गर्दा नगरपालिका कार्यालयले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरूको पालना गर्नु पर्नेछ ।

११.**प्रचलित कानुन लागू हुने:** यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यविधि बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम तथा यस कार्यविधिमा व्यवस्था नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ। केन्द्रीय कानुनसँग बाझिएको हक सम्म सो बुँदाको हकमा संघीय कानुन लागू हुनेछ ।यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

१२.**संशोधन तथा परिमार्जन**:

(क)खैरहनी नगरपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ख)खैरहनी नगरपालिकाले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।

**आज्ञाले**

**विष्णु प्र. सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूचि-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

जमिन भाडामा लिई खेती कार्यक्रम संचालन सम्बन्धी सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति: ......

खैरहनी नगरपालिकाद्वारा आ.व. ............ मा सञ्चालन गरिने .......................... जमिन भाडामा लिई खेती मार्फत व्यावसायिक खेतीमा बजेट उपलब्धताका आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले इच्छुक भूमिहीन र बिपन्न कृषकले आवश्यक कागजात सहितको निवेदन यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी आवश्यक कागजात तथा मापदण्ड सम्बन्धी थप जानकारी खैरहनी नगरपालिकाको वेबसाइटबाट वा यस कार्यालय अन्तर्गतको कृषि शाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

## अनुसूचि-२

### (दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

जमिन भाडामा लिई खेती कार्यक्रममा सहभागि हुँदा आवश्यक पर्ने कागजात तथा मापदण्ड

१. भूमिहीन, महिला, दलित, जनजाति तथा विपन्न कृषकलाई प्राथमिकता दिइनेछ,

२. भाडामा लिइने जमिन सरकारी वा सार्वजनिक जस्तै गुठी वा विद्यालय वा संस्थाको वा बाँझो जमिन कुनैपनि हुन सक्ने छ तर प्रस्तावको मूल्यांकन गर्दा भाडामा लिइएको जमिनलाई निम्न प्राथमिकता अनुसार मूल्याङ्कन गरिनेछ:-

पहिलो प्राथामिकता : सरकारी स्वामित्वमा रहेका जमिन

दोस्रो प्राथामिकता : गुठी वा विद्यालय वा अन्य संस्थानको जमिन

तेस्रो प्राथामिकता : अनुपस्थित जमिनधनीको बाँझो जमिन

चौथो प्राथामिकता : अनुपस्थित जमिनधनीको खेती भैरहेको जमिन

पाँचौ प्राथामिकताः  उपस्थित जमिनधनीको खेती भैरहेको जमिन

३. कम्तिमा ३ वर्षको कृषक, जमिनधनी बीच जमिन करारनामा हुनु पर्नेछ र उक्त करारनामा स्थानीय तहको रोहबरमा हुनुपर्नेछ।

४. भाडामा लिने दिने जमिन कम्तिमा १० कठ्ठा एकै क्लष्टरमा हुनु पर्नेछ र सो जमिन एक वा एक भन्दा बढि व्यक्तिको स्वामित्वमा रहेको हुन सक्नेछ।

५. यसरी जमिन भाडामा लिई खेती गर्ने कृषकलाई नगरपालिकाले पहिलो वर्ष १००%, दोस्रो वर्ष ७५%, र तेस्रो वर्ष ५०% जमिन भाडा अनुदान उपलब्ध गराउनेछ।

६. यसरी भाडामा लिई खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले पूरा समय अवधि खेती गर्ने प्रतिबद्धता जनाउनु पर्ने र बिचमा सम्झौता तोडिएको अवस्थामा भाडा रकम सम्बन्धित कृषकबाट असुल उपर गर्न सकिने छ।

७. करारमा खेती गर्न इच्छुक कृषकले अनुसूची ३ र ४ बमोजिमको ढाँचामा निवेदन र आयोजनाको प्रस्ताव पेश गर्नु पर्नेछ।

८. जमिन भाडामा लिई खेती गर्ने कृषकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि निवेदन सँगै पेश गर्नुपर्नेछ।

## अनुसूचि-३

## जमिन भाडामा लिई खेती कार्यक्रम सञ्चालन सम्बन्धी निवेदनको ढाँचा

## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित )

मितिः .....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू/ कृषि विकास अधिकृत ज्यू,
खैरहनी नगरपालिका, खैरहनी, चितवन।

विषय: करारमा व्यावसायिक कृषि कार्यक्रम (बाली तर्फ) का लागि प्रस्ताव पेश गरेको बारे।

महोदय,

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खैरहनी, चितवनको मिति ............. प्रकाशित सूचना अनुसार ........... मैले जमिन करार लिई ............................. व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने भएकोले तपसिल अनुसारका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु। उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सञ्चालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु। पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरू यसै निवेदनसाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपसिलः

१. अनूसूची -४ अनुसारको आयोजनाको प्रस्ताव

२. नेपाली नागरिकताको स्वयंले प्रमाणित प्रतिलिपि

३. जमिन धनी र भाडामा लिने कृषक वा कृषक समूह वा फार्म बीचको सम्झौता सम्बन्धित स्थानीय तहको रोहबरमा गरिएको सम्झौताको प्रतिलिपि

४. जमिन धनीको जमिन धनी प्रमाणपत्रको प्रतिलिपि

५. खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिबद्धता पत्र

६. भूमिहीन वा गरिब कृषकको हकमा सम्बन्धित वडा कार्यालयको गरिब किसान हो भनी गरिएको सिफारिस पत्र। २ कट्टा भन्दा कम जमिन भएको वा परिवारका सदस्य मध्य कोही पनि सरकारी वा गैर सरकारी सेवामा नरहेको वा अन्य व्यवसायबाट मासिक १० हजार भन्दा कम आयआर्जन भएको वा गरिब घरधुरी सर्वेक्षणको परिचय पत्रवाहक )

७. कृषकको स्थायी बसोवास रहेको वडा कार्यालयको सिफारिस पत्र।

निवेदन दिनेको तर्फबाट,

नामः

ठेगानाः

दस्तखत:

मितिः

सम्पर्क नं.:

## अनुसूचि-४

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

**जमिन भाडामा लिई खेती कार्यक्रम संचालन प्रस्ताव ढाँचा**

| | | | |
|---|---|---|---|
| कार्यक्रम संकेत नं. | | प्राथमिकीकरण | |

१) आवेदक सम्बन्धी विवरण

<table>
<tr><td colspan="4">आवेदकको विवरण</td></tr>
<tr><td colspan="2">नाम थर:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">ठेगानाः</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">नागरिकता नं.:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">वैवाहिक स्थिति:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">आवेदकको किसिम (भूमिहीन वा अन्य):</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">परिवारमा श्रम गर्ने सदस्य संख्या:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">आफूसँग रहेको जमिनको क्षेत्रफल र किसिम:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">परिवारका अन्य सदस्यको वैकल्पिक पेशा र मासिक आम्दानी:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">सम्पर्क नं:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">ईमेल ठेगानाः</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">प्रस्तावित आयोजना स्थल:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">भाडामा लिने जमिनको कूल क्षेत्रफल:</td><td colspan="2"></td></tr>
<tr><td>भाडामा लिने जमिनको स्वामित्व<br>(जमिन धनीको नाम, थर ठेगाना)</td><td>जमिनको कित्ता नं.:</td><td>क्षेत्रफल:</td><td>वार्षिक भाडा दर (प्रति कठ्ठा):</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कृषि व्यवसायको विवरण वर्षभरी</td><td colspan="3"></td></tr>
</table>

| प्रस्तावित आयोजनको कुल खर्च रकम | जम्मा लागत रकम | अनुदान माग रकम |
|---|---|---|
| भाडा | | |
| पूर्वाधार विकास खर्च | | |
| उत्पादन सामग्री खर्च | | |
| अन्य खर्च | | |
| जम्मा खर्च | | |
| जम्मा आम्दानी अनुमानित | | |
| पहिलो वर्ष | | |
| दोश्रो वर्ष | | |
| तेश्रो वर्ष | | |

२) प्रस्ताबित आयोजना सम्बन्धमा

क) प्रस्तावित आयोजनाको शीर्षक/विषय:

ख) पृष्ठभूमि:

ग उद्देश्यहरु:

घ) सामुहिक प्रस्तावको हकमा प्रस्तावित आयोजनामा प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्याः

ङ) खेती गर्ने बालीको विस्तृत उत्पादन विवरणः

| बाली/खेती | क्षेत्रफल | कैफियत |
|---|---|---|
| | | |
| | | |

च) आवेदकको अनुभव/कृषि सम्बन्धी तालिम र शैक्षिक योग्यता:

छ) जमिन भाडामा लिई खेती कार्यक्रम सञ्चालन पश्चात क्षेत्रफल, जमिन भाडामा लिई खेतीबाट हुने प्रत्यक्ष उत्पादन, उत्पादकत्व, विक्रि परिमाण जस्ता विषयहरुको बृद्दि गुणस्तर सुधार साथै माथि उल्लेख गरिएका समस्या तथा चुनैतिहरु समाधान गर्न के कस्ता कार्यक्रम तथा उपलब्धि हाँसिल गर्न खोजेको बर्णन गर्नुहोस् ।

१) लाभान्वित हुने घरधुरी संख्या:

२) वाली वा वस्तुले ढाक्ने क्षेत्रफल:

३) उत्पादन परिमाण (वार्षिक):

४) वार्षिक आम्दानी रु.:

५) थप रोजगारी संख्या: स्थायी .........., अस्थायि ...........

६) यदि अरु केही भए उल्लेख गर्नुहोस्‌।

ज) आयोजना सञ्चालनको लागि आर्थिक प्रस्ताव

| खर्चको किसिम अनुसार आयोजनाको कुल लागत | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्रियाकलाप | लगत बिवरण | | | |
| १ | | इकाई | परिणाम | दर | जम्मा |
| | | | | | |
| | | | | | |
| | जम्मा रु. | | | | |

## अनुसूचि-५

### (दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

### सम्झौता पत्रको नमूना

खैरहनी नगरपालिकाबाट सञ्चालन गरिने चालु आ.व. .......... को वार्षिक स्वीकृत कृषि कार्यक्रम अन्तर्गत जमिन करारमा लिई व्यावसायिक खेती कार्यक्रम सञ्चालन गर्नका निम्ति खैरहनी नगरपालिका, नगर कार्यपालिकाको, खैरहनी, चितवन (यस पछि प्रथम पक्ष भनिने) र कार्यक्रम सञ्चालन गर्न छनोट भएका कृषक श्री ........................... (यसपछि दोश्रो पक्ष भनिने) का बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षीय सम्झौता गरिएको छ।

तपसिल :

१. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि जमिन भाडाको लागि ....... जम्मा ........ रकम उपलब्ध गराउनेछ। जमिन भाडाको हकमा पहिलो वर्ष ३ किस्तामा र दोश्रो र तेश्रो वर्ष एकै किस्तामा छ महिना पछि भुक्तानी गरिनेछ।

२. जमिन करारमा लिई खेत गर्ने प्रयोजनका लागि मात्र अनुदान रकम भुक्तानी हुनेछ।

3. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले दुरुपयोग गर्न पाउनेछैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

३. खेती व्यवसायबाट उत्पादित कृषि उपजको बजार व्यवस्था दोश्रो पक्षले गर्नु पर्नेछ।

४. प्रथम पक्षले खेती व्यवसायलाई सफल पार्न नियमित रुपमा अनुगमन गर्न सक्नेछ।

५. अनुदान प्राप्त कृषकले प्रत्येक ६ महिनामा, खैरहनी नगरपालिकामा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

७. खैरहनी नगरपालिकाबाट गरिने/गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोश्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ।

८. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

अनुदानको विवरण:

<table>
<tr><td colspan="5">भाडामा लिएको जमिनको क्षेत्रफलः ......... कठ्ठा ............ कार्यक्रम सञ्चालनका लागि प्रयोग भएको आफ्नो जमिनको क्षेत्रफल:</td></tr>
<tr><td>शिर्षक</td><td>पहिलो वर्ष</td><td>दोस्रो वर्ष</td><td>तेस्रो वर्ष</td><td>जम्मा</td></tr>
<tr><td>जमिन भाडामा पाउने अनुदान रकम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td></td></tr>
</table>

| | |
|---|---|
| प्रथम पक्ष को तर्फ बाट सहि गर्नेको | दोश्रो पक्षबाट कार्यक्रम सञ्चालन गर्नेको |
| दस्तखतः | दस्तखतः |
| नाम | नामः |
| पद: | पद: |
| मितिः | मितिः |
| कार्यालयको छापः | |

| | |
|---|---|
| साक्षी: | साक्षी: |
| दस्तखतः | दस्तखतः |
| नाम | नामः |
| मितिः | मितिः |

मिति: २०........साल.............. 'महिना.......... गते ........... रोज शुभम् ।

## अनुसूचि-६

(दफा ५ सँग सम्बन्धित)

मुल्याङ्कनका आधारहरु

१. कृषक/कृषक समूह/फार्मको नाम:

२. ठेगाना:

३. सम्पर्क व्यक्तिको नाम:

४. सम्पर्क नं.:

कार्यक्रममा सहभागी हुन योग्य हुने आधारहरु

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावसाथ पेश गरेका कागजातहरु साँचो भएको (जमिन करार संझाताको लागि धग्गाधनी संग गरिएको करार सहमतिको सक्कल प्रति भएको) | | | |
| २ | आफ्नो स्वामित्वको जमिन बाहेक कम्तीमा १० कठ्ठा जमिन भाडामा लिएको | | | |
| ३ | करार कार्यक्रम संचालन गर्न आफ्नो स्वामित्वको मात्र वा मिलेमतोको जमिन प्रयोग गरेको | | | |
| ४ | प्रस्तावनामा पेश गरेको योजना अनुसार हाल खेती गरिरहेको छ वा आंशिक तयारीमा रहेको | | | |
| ५ | विवादित जमिन वा मुद्दा परेको जमिन देखिएको | | | |
| ६ | प्रस्तावमा पेश गरे अनुसार खेती गर्न उपयुक्त देखिएको | | | |
| ७ | व्यवसायिक खेती विगत केही वर्ष देखि गर्दै आएको | | | |
| ८ | व्यवसायिक खेती गर्ने आंशिक तयारीमा रहेको वा शुरु नै नगरेको | | | |
| ९ | भूमिहिन भएको र खेती केही वर्ष देखि गर्दै आएको | | | |
| १० | भूमिहिन भएको र खेतीमा लाग्ने तत्परता देखाएको | | | |
| ११ | समग्रमा जमिन भाडामा लिई खेती गर्नका लागि वर्तमानमा योग्य देखिएको | | | |

**अनुसूची-७**

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

वडा कार्यालयले गर्ने सिफारिसको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

खैरहनी नगरपालिका, चितवन ।

विषयः सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा यस खैरहनी नगरपालिकाको ..... नं. वडा अन्तर्गत ....... टोलमा बस्ने श्री .......... ले देहायको तालिकामा उल्लेख भएका जमिनधनीको जम्मा ....... कठ्ठा जमिन भाडामा लिइ सम्झौता बमोजिमको खेती गरिरहेको र निजले कृषि उत्पादन र उत्पादकत्व बढाउन सघाउ पुर्याउनु भएको हुँदा निजलाई कृषि शाखाको सम्झौता अनुसारको जमिन भाडामा पाउने अनुदान रकम उपलब्ध गराइ दिन सिफारिस साथ अनुरोध छ।

| क्र.सं. | जमिनधनीको नाम, थर | ठेगाना | भाडामा दिएको जमिनको कित्ता नं. | जमिनको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| 4 | | | | | |
| ५ | | | | | |
| | | कुल क्षेत्रफल | | ...... कठ्ठा | |

दस्तखत:

पदाधिकारीको नाम थर:

पद:

मितिः